# काठमाडौं महानगरपालिका

काठमाडौं महानगरपालिका

नगरकार्यपालिकाको कार्यालय

## सामाजिक विकास विभाग

कमलादी ,काठमाडौं,बागमती प्रदेश,नेपाल

पत्र संख्या : ०८०।०८१

चलानी नं : 309

मिति: २०८०।०६।२२

श्री वडा कार्यालय (सवै),
काठमाडौं महानगरपालिका ।

**विषय : सीपमूलक तालिमको फाराम भर्न सहजीकरण गरिदिने सम्वन्धमा ।**

प्रस्तुत विषयमा काठमाडौं महानगरपालिकाले आ.व.२०८०।०८१ को नीति, कार्यक्रम तथा वजेटमा **रोजगारी र आय वृद्धि काठमाडौंको समृद्धि** गौरवको योजनालाई कार्यान्वयनमा ल्याएको छ । यस योजनाको कार्यान्वयन सामाजिक विकास विभागवाट हुनेछ ।

यस योजनाले महानगरवासीहरु (स्थायी बसोबासी, अस्थायी बसोबासी तथा करदाता समेत) लाई स्थानीय तथा वजारको आवश्यकता, माग र सम्भाव्यता अनुरुपको सीप विकास तथा उद्यमशीलता विकास तालिम प्रदान गर्नुका साथै रोजगारीका अवसरहरु पहिचान तथा सृजना गर्दै सीपयुक्त जनशक्तिलाई प्रत्यक्ष आयआर्जनमा संलग्न गराउने र अन्ततः काठमाडौं महानगरपालिकालाई रोजगारी हवको रुपमा विकास गर्ने उद्देश्य राखेको छ । यस वर्ष १५ हजार जनालाई निःशुल्क सीपमूलक तालिम प्रदान गर्ने र ५ हजार जनालाई प्रत्यक्ष रोजगारीको अवसर प्रदान गर्ने लक्ष्य राखेको छ ।

यस लक्ष्यलाई प्राप्त गर्न सवै वडा कार्यालयहरुले वडा क्षेत्रमा रहेका वेरोजगारहरु, युवाहरु ( महिला, पुरुष), रोजगारी गुमाएर वसेकाहरु, विदेशवाट सीप सिकेर फर्केका तर हाल कामको खोजीमा रहेकाहरु, आफ्नो सीपलाई स्तरोन्नती गर्न चाहनेहरु सवैलाई यसै पत्रसाथ संलग्न फाराम भर्न लगाई फाराम प्रमाणित गरी सामाजिक विकास विभागमा पठाइदिनुहुन निर्देशानुसार अनुरोध गर्दछु ।

शान्ता पहाडी
वरिष्ठ शाखा अधिकृत (आठौं)